परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक २२ •२०७९ चैत्र ३० गते बिहिबार •(13 April-2023) •पृष्ठ ४ •मूल्य रु ३।- www.talknepaltv.com

## ज्याला माग्दा चारपाटा मुडेर मोसो दलियो

■ टक नेपाल

महोत्तरी। ज्याला माग्दा मजदुरलाई चारपाटा मुडेर कालो मोसो दलेको आरोपमा एक ठेकेदारलाई प्रहरीले नियन्त्रणमा लिई मुद्दा चलाएको छ । महोत्तरीको लोहरपट्टी नगरपालिका-६ का ३४ वर्षीय ठेकेदार कृष्ण मिश्र भनिने आनन्द भूषण मिश्राले स्थानीय २१ वर्षीय मजदुर मोबारक नदाफलाई चोरीको आरोप लगाएर लोहरपट्टी चोकमा बोलाएर काला मोसो दली मुण्डन गरेर कुटपिट गरेका थिए। गत चैत्र २३ गते उनलाई कुटपिट गरेको घटना सार्वजनिक भएपछि महोत्तरी प्रहरीले मिश्रलाई नियन्त्रणमा लिई मुद्दा चलाएको हो । प्रहरीले मिश्रलाई नियन्त्रणमा लिएर अपमानजनक तथा अमानवीय व्यवहार कसुरमा मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी दिलीप कुमार गिरीले जनाएको छ । नियन्त्रणमा लिएको मिश्रलाई म्याद थप गरी सो कसुरमा जिल्ला प्रहरी कार्यालय महोत्तरीकै हिरासतमा राखेको प्रहरीले जनाएको छ । निर्माण व्यवसायी मिश्रसँग नदाफले रमजान मनाउन ज्याला मागेका थिए। मुस्लिम धर्माम्बलम्बीको अहिले रमजान (रोजा) चलिरहेको बेला काम गरेबापतको ज्याला माग गर्दा नदिएपछि उनले काम गर्दै गरेको औजार लिएर हिँडेका थिए। पछि 'औजार लिएर आउनु



पैसा दिन्छु' भनेर शिव आश्रममा बोलाएको नदाफको परिवारजनले जनाएको छ। पैसा दिन्छु भनेर बोलाएर उनीमाथि दुर्व्यवहार उपर यस्तो हर्कत गरेको उनको परिवारजनको आरोप छ। घटना पश्चात् पीडित नदाफले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा चैत्र २७ गते उजुरी गरेपछि सोही दिन निर्माण व्यवसायी मिश्रलाई प्रहरीले पक्राउ गरेको थियो । निर्माण व्यवसायी उपर चलाइएको अमानवीय अपमानजनक व्यवहार कसुरमा अधिकतम पाँच वर्षसम्म जेल सजाय हुने कानुनी व्यवस्था छ । यता निर्माण व्यवसायीको तर्फबाट पनि चोरीको आरोप लगाउदैं मजदुरलाई कारबाही गर्न माग गरेका छन् ।

## गरुडामा गोली चल्दा एक प्रदर्शनकारी घाइते



■ टक नेपाल

रौतहट । रौतहटको गरुडामा प्रहरीको गोली लागेर एक प्रदर्शनकारी घाइते भएका छन्। दीपक यादव नेतृत्वको समूहले गरुडा नगरपालिका अगाडि गरेको प्रदर्शनका क्रममा झडप हुँदा प्रहरीले चलाएको गोली लागेर स्थानीय गजेन्द्र यादव घाइते भएका हुन् । प्रहरीको गोली लागेर गजेन्द्र घाइते भएको दीपकले बताएका छन्। गोली यादवको काँखीमा लागेको बताइएको छ । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी छेदीलाल यादव घाइते भएपनि गोली लागे नलागेको यकिन नभएको बताए । घाइतेलाई गरुडामा सामान्य उपचार पछि थप उपचारको लागि वीरगंज पठाइएको छ । झडपमा क्रममा प्रहरीले १६ राउण्ड हवाई फायर गरेको छ।

## सबैला नपाले उपचार खर्च तिर्ने भएपछि मन्तोरिया बन्धकमुक्त

■ टक नेपाल

जनकपुरधाम । सबैला नगरपालिकाले उपचार खर्च तिरि दिने भएपति अस्पताले मन्तोरियादेवी रायलाई बन्धकमुक्त गरेको छ । उपचार खर्च तिर्न नसक्दा जनकपुरधामको न्यूरो अस्पतालमा ३९ दिनदेखि बन्धक बनेकी मन्तोरिया बन्धक बनेकी थिइन् । उनलाई सबैला नगरपालिकाका मेयर कारीराम यादवले जिल्ला प्रशासन कार्यालय धनुषासँग समन्वय गरी बुधबार बन्धकमुक्त गराएका हुन् । मेयर यादव आफैं अस्पताल पुगेर उनलाई बन्धकमुक्त गराई घर पुऱ्याएका हुन् । एकलाख रुपैयाँ नगरपालिकाले र बाँकी रकम सहायोगीहरुबाट संकलन गरी चुक्ता गर्ने शर्तमा



उनलाई बन्धनमुक्त गरिएको मेयर यादवले बताए । गत सोमबार नै सबैलाका मेयर यादव र जिल्ला प्रशासन कार्यालय धनुषाका प्रशासकीय अधिकृत किरणकुमार मिश्र उनको अवस्था बुझ्न अस्पताल पुगेका थिए । मंगलबार सबैला नगरपालिका कार्यपालिकाको बैठक बसेर एक लाख रुपैयाँ नगरपालिकाले उपचार खर्च उपलब्ध गराउने र बन्धकमुक्त गराउन पहल गर्ने निर्णय गरेको थियो । बुधबार मेयर यादव जिल्ला प्रशासन कार्यालय धनुषामामा पुगेर मन्तोरियालाई बन्धकमुक्त गराउने विषयमा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीसित छलफल गरेर मुक्त गराएका हुन् । भण्डारीले अस्पताललाई तत्कालै फोन गरी बन्धक मुक्त गराउन निर्देशन दिएका थिए। रायले ७ लाख भन्दा बढी जसोतसो उपचार खर्च तिरे पनि झण्डै ९ लाख रुपैयाँ तिर्न बाँकी थियो । गत फागुन २० गते नै डिस्चार्ज गरे पनि बाँकी रकम नतिरेसम्म घर जान नदिने भन्दै अस्पतालले उनलाई रोकेको थियो । अस्पतालमा उनीसँगै तीन छोराछोरी र वृद्ध ससुरा पनि थिए । गत माघ १२ गते सबैलाको एक बैंकबाट पैदल घर फर्किरहेको बेला बा ६१ प ६६३३ नम्बरको मोटरसाइकलले ठक्कर दिंदै मन्तोरियालाई ४८ मिटरसम्म घिसारेको थियो ।

## सिरहाको अस्पतालमा आगलागी हुँदा एकको मृत्यु



■ टक नेपाल

सिरहा । प्रादेशिक अस्पताल सिरहामा आगलागी हुँदा एक जनाको ज्यान गएको छ । सिरहा नगरपालिका-७ स्थित प्रादेशिक अस्पतालको जेनेरेटर राखेको घरमा बुधबार दिउँसो आगलागी भएको हो। दिउँसो २ बजेको समयमा विद्युत सर्ट भएर आगलागी भएको अस्पताल प्रशासनले जनाएको छ । आगलागी हुँदा बिरामीको भागाभाग भएको थियो । यसैबिच, बिरामीहरूको भागाभाग हुँदा अस्पतालमा डायलासिस गर्न पुगेका एक जना बिरामीको मृत्यु भएको छ। सिरहाको बरियारपटी गाउँपालिका-३ खोक्सी बस्ने किड्नीका बिरामी ६० वर्षीय प्रदीप दासको हेमोग्लोबिन कम हुँदा उपचारकै क्रममा मृत्यु भएको हो ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

## ....सम्पादकीय

# राजनीतिमा उरन्ठे उलाहरूको बिगबिगी

साढे सात दशकको यो अवधिमा नेपाली कांग्रेसमा कति नेता तथा कार्यकर्ता आवद्ध भए, कति मान्छे बाहिरिए, कुनै लेखाजोखा छैन । सबैको लेखाजोखा संभव पनि छैन । केहीको भने लेखाजोखा हुने गरेको छ। तर सबैको लेखाजोखा एकै नासले हुने गरेको छैन । सर्वोच्च नेता गणेशमान सिंह पनि आफ्नो जीवनको उत्तरार्धमा नेपाली कांग्रेसबाट बाहिरिए । सबैभन्दा लामो समय सभापतिका रूपमा काम गरेका संस्थापक नेता कृष्णप्रसाद भट्टराई पनि नेपाली कांग्रेसबाट बाहिरिए । महामन्त्रीद्वय डा.तुल्सी गिरि र परशुनारायण चौधरी पनि नेपाली कांग्रेसबाट बाहिरिएका थिए। गणेशमान र कृष्णप्रसाद भट्टराईको शालिकमा माल्यार्पण गर्ने परम्पराले निरन्तरता पाइरहेकै छ। तर, गिरि र चौधरीको नाम सुन्न कांग्रेस वृत्तमा कसैले चाहँदैनन् । किनकी बर्हिगमनको उद्देश्य फरक थियो । सिंह र भट्टराईले कांग्रेसलाई बलियो बनाउन दबाब दिने, लोकतन्त्रप्रति थप प्रतिवद्ध बनाउने उद्देश्यका साथ पार्टी परित्याग गरेका थिए। तर गिरि र चौधरी कांग्रेसलाई कमजोर बनाउने र मुलुकको लोकतान्त्रिक रूपान्तरण प्रक्रियालाई अवरोध पुऱ्याउने उद्देश्यका साथ बाहिरिएका थिए । उद्देश्य जे सुकै भए पनि यी चारै जनाको बहिर्गमन नेपाली कांग्रेसको इतिहासका सधैँ चर्चायोग्य मोडहरू हुन्। गिरि र चौधरीको नाम उल्लेख नगरी नेपाली कांग्रेसको इतिहास लेखन संभव छैन । पार्टी परित्याग गर्नु अघिसम्म गिरि र चौधरीले पुऱ्याएको यो गदानलाई नेपाली कांग्रेस स्वयंले बिर्सन सक्ने अवस्था छैन । यतिबेला गिरि र चौधरीको भन्दा पनि बढी चर्चा स्वार्णिम वाग्लेले पाएका छन्। नेपाली कांग्रेसको इतिहास लेख्दा वाग्ले को नाम समावेश गर्ने ठाउँ फेला पर्न असंभव छ। पार्टीमा उनको योगदान कहीँ कतै फेला पर्दैन । विदेशमा जागिर खाएर फर्के लगत्तै कांग्रेसले लगातार तीन वटा लाभको पदमा दिएको नियुक्तिमा बाहेक वाग्लेको नामोनिशान कांग्रेसमा छैन। तर, समाजिक सञ्जाल हेर्दा यस्तो भान हुन्छ कि, 'वाग्लेले परित्याग गरेकै कारण नेपाली कांग्रेस समाप्त भयो, वाग्लेबाहेक नेपाली कांग्रेसबाट जसजसले लाभको पद प्राप्त गरे उनीहरू सबैले पैसा बुझाएका थिए, अथवा चाकडी गरेका थिए, वाग्ले ले योगदान र क्षमताकै आधारमा लाभको पद प्राप्त गरेका हुन् ।' हाम्रो समाजको नयाँ पुस्ताको दिमाग कता जाँदैछ ? अध्ययन गर्ने बानी कसरी हराउँदै छ ? एउटा सामान्य चटकेले पनि कसरी नेपालको जनमतलाई प्रभावित गर्न सक्छ ? भन्ने मामिला अब गहन चिन्तनको विषय बनिसकेको छ । यस्तो प्रतिक्रिया नेपालको राजनीतिक रंगमञ्चमा कुनै पार्टीको उम्मेदवारले प्रकट गरेको सायद पहिलोपटक हुनुपर्छ। पछिल्लो समय नेपाली राजनीतिमा उरन्ठेउलाहरूको बिगबिगी बढ्नुमा मुख्य दोषी कोही छन् भने बिपी, पुष्पलाल र मदन भण्डारीको नाम जपेर शासन सत्ता ओगट्नेहरू नै छ । उनीहरूले प्रदर्शन गरेको कुशासनकै मानस पुत्रहुन् वाग्ले र लामिछानेहरू । उरन्ठेउला केटाहरूसँग जनता आशावादी हुँदै जानु भनेको लोकतन्त्र खतरामा रहेको संकेत हो ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
अनुराग कु. यादव
९८१४२३७४०८, ९८०७८२१०१४

# फागुन महिनामै भित्रियो १ खर्ब ४ अर्ब रुपैयाँ रेमिट्यान्स

**टक नेपाल**

काठमाडौँ । फागुन महिनामा विदेशबाट १ खर्ब ४ अर्ब ४४ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। मंगलबार देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गर्दै केन्द्रीय बैंकले फागुन महिनामा मात्रै १ खर्ब ४ अर्बभन्दा धेरै रेमिट्यान्स भित्रिएको जानकारी दिएको हो । केन्द्रीय बैंकको तथ्यांक अनुसार माघ महिनासम्म विदेशबाट ६ खर्ब ८९ अर्ब ८८ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । जबकि, फागुन महिनाको अन्त्यसम्म रेमिट्यान्स भित्रिने क्रम बढेर ७ खर्ब ९४ अर्ब ३२ करोड रुपैयाँ भित्रिएको हो । नेपालबाट वैदेशिक रोजगारीका लागि युवाहरु विदेशीने क्रम बढेपछि रेमिट्यान्स आप्रवाह समेत बढेको केन्द्रीय बैंकले जनाएको छ। यस अवधिमा श्रम स्वीकृत लिने युवाहरुको संख्या ३ लाख ५१ हजार ७६१ पुगेको छ । यस्तै, पुनः श्रम स्वीकृत लिने युवाको संख्या १ लाख ९२ हजार ५५९ जना छन् ।

# नेपाललाई सुरक्षित राख्नु................

नवआयुक्तहरुको काँधमा एक गहन राष्ट्रिय जिम्मेवारी थपिएको छ भन्दै उहाँले यो राष्ट्रिय जिम्मेवारीलाई उत्कृष्ट ढङ्गबाट सम्पादन गर्दै, नेपाली सेनाको छविलाई थप उचाइमा पुऱ्याउने जिम्मेवारी पनि थपिएको बताउनुभयो । संसारभरि वीर गोर्खालीको देश भन्ने पहिचान पनि नेपाली सेनाकै बहादुरी र वीरताबाट हासिल भएको हो भन्दै उहाँले यस पहिचानलाई नेपाली सेनाले आधुनिक हातहतियार, प्रविधिमैत्री, तालिम, स्रोतसाधन र सम्पन्न उच्च हौसला युक्त उत्कृष्ट सेनाका रुपमा स्थापित गरेको बताउनुभयो । नेपालको इतिहासमा नेपाली सेनाले पुऱ्याउँदै आएको अटुट योगदानलाई सदैव स्मरण गर्दै आगामी दिनमा पनि यसबाट प्ररेणा लिँदै नवआयुक्तहरुले सक्दो योगदान दिनेमा विश्वास उहाँले व्यक्त गर्नुभयो । संवैधानिक सरकारको मातहत र निर्देशनमा व्यावसायिक एवं मर्यादित सङ्गठनका रुपमा स्थापित गर्न नेपाली सेनाले खेल्दै आएको भूमिका प्रशंसनीय रहेको उहाँको भनाइ थियो । प्रधानमन्त्री दाहालले देशभित्र मात्रै नभई देशबाहिर समेत नेपाली शान्ति सेनाका रुपमा विश्वका विभिन्न द्वन्द्वग्रस्त देशहरुमा शान्तिदूतका रुपमा खटिएर विश्व शान्ति स्थापनार्थ पुऱ्याएको योगदानले नेपाललाई शान्ति सैनिकहरुको देशका रुपमा चिनाउन सफल भएको बताउनुभयो । आफ्ना विविध जिम्मेवारीहरुलाई उत्कृष्ट र व्यवस्थित ढङ्गले निर्वाह गर्न सक्षम नेपाली सेना बहुआयामिक, सबल, सक्षम एवं सुदृढ सङ्गठनका रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा स्थापित भएको भन्दै उहाँले वर्तमान अवस्थामा हाम्रो मुलुक विभिन्न परिस्थिति बीच समृद्ध भविष्यतर्फ उन्मुख रहेको चर्चा गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "विकास र समृद्धिका लागि नियमसङ्गत रुपमा सुरक्षा र सुरक्षा सुदृढीकरणका लागि विकास अपरिहार्य छ। सुरक्षा चुनौतीका साथै भविष्यमा देखा पर्न सक्ने अन्य चुनौतीको सामना गर्न नेपाली सेना सदैव सजग, सतर्क एवं तयार रहने विश्वास व्यक्त गर्दछु ।" यहाँबाट प्रदान गरिने तालिमलाई संसारका देशहरुले मान्यता दिएका बताउँदै उहाँले भन्नुभयो, "आज संसारका विभिन्न राष्ट्रका सैनिक सङ्गठनहरुका लागि आधारभूत अधिकृत तालिमका लागि रोजाइमा पर्न सफल यस प्रतिष्ठानले आउँदा दिनहरुमा समेत तालिमलाई समयसापेक्ष रुपमा सञ्चालन गर्ने र आफ्नो व्यावसायिक छविलाई उच्च पार्दै जाने विश्वास व्यक्त गर्दछु।" वर्तमान अवस्थामा तालिम लिनेहरु बढ्दै गएको तर तालिम इलाका घट्दै गएको अवस्थामा त्यसको समस्या समाधानका लागि यस तालिम केन्द्रको उपकेन्द्र निर्माणका लागि आफ्नोतर्फबाट पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "यस तालिममा मित्रराष्ट्र बङ्गलादेश, श्रीलङ्का र जाम्बियाका एक-एकजना अधिकृतसमेत यो कवाजमा सहभागी हुनुभएको र विगतमा पनि विभिन्न मित्रराष्ट्रबाट १० वर्षमा २३ जना आयुक्त भएको थाहा पाउँदा मलाई गर्वको महसुस भएको छ ।" प्रधानमन्त्री दाहालले सि.नं. ६० अधिकृत क्याडेट तालिममा उत्कृष्ट हुने कृष्ण खड्का र सि.नं. ५० पदिक तथा बिल्लादार अधिकृत क्याडेट तालिममा उत्कृष्ट हुने खगेन्द्र कार्कीलाई खुकुरी प्रदान गर्नुभयो । त्यस्तै, महिलातर्फ उत्कृष्ट हुने अप्सरा बुढाथोकीलाई छडी अवार्ड प्रदान गर्नुभयो। सि.नं. ६० अधिकृत क्याडेट तालिममा ८६ र सि.नं. ५० पदिक तथा बिल्लादार अधिकृत क्याडेट तालिममा ३५ जनाले तीनवर्षे तालिम पूरा गरी आयुक्त पद प्राप्त गर्नुभएको छ भने जाम्भियाका एकजनाले समेत अधिकृत क्याडेट तालिम पूरा गर्नुभएको छ । कार्यक्रममा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, प्रधानसेनापति प्रभुराम शर्मा, सुरक्षा निकायका प्रमुखहरु लगायतको सहभागिता थियो ।

# ब्याजदर घट्दा शेयर बजारमा हरियाली

**टक नेपाल**

काठमाडौँ । ब्याजदर एकल अङ्कमा झार्ने निर्णयसँगै यसको सकारात्मक प्रभाव शेयर बजारमा देखिएको छ । बुधबार बसेको नेपाल बैंकर्स सङ्घले बैठकले ब्याजदर एकल अङ्कमा झार्ने निर्णय गरेको थियो । ब्याजदर घटाउने निर्णयसँगै आजको कारोबारमा नेप्से परिसूचक ९२ दशमलव २२ अङ्क अर्थात् चार दशमलव ९३ प्रतिशतले बढेर एक हजार नौ सय ६३ दशमलव ५५ अङ्क कायम भएको छ। नेप्से परिसूचक बढेसँगै कारोबार रकम पनि वृद्धि भएको छ । आज दुई सय ६७ वटा कम्पनीको ६१ लाख सात हजार चार सय २५ कित्ता शेयर ४७ हजार दुई सय ८५ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ९७ करोड ६० लाख ७६ हजार बराबरको कारोबार भएको छ। आज सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक चार सय ४२ दशमलव ३३ र निर्जीवन बीमा समूहको उपसूचक तीन सय ४३ दशमलव २९ अङ्कले बढेको छ । आज बैङ्किङ समूह ६६ दशमलव तीन, विकास बैंक समूह एक सय ९७ दशमलव ८०, वित्त समूह एक सय आठ दशमलव २१, होटल तथा पर्यटन समूह एक सय १८ दशमलव ३६ र जलविद्युत् समूह एक सय २० दशमलव २८ अङ्कले बढेको छ । त्यसैगरी लगानी समूह दुई दशमलव ६९, उत्पादन तथा प्रशोधन समूह दुई सय १८ दशमलव २०, लघुवित्त समूह एक सय ७२ दशमलव ६७, म्युचुअल फन्ड शून्य दशमलव ३९, व्यापार समूह ८४ दशमलव २१ र अन्य समूह ४७ दशमलव ५५ अङ्कले बढेको छ । आज आधा दर्जनभन्दा बढी कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सिद्धार्थ इक्विटी फन्ड, सिटिजन्स म्युचुअल फन्ड, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-२, आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड, खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड, कालिञ्चोक दर्शन लिमिटेड र गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । आज तीनवटा कम्पनीको शेयर मूल्य मात्रै घटेको छ । एभरेस्ट बैंक लिमिटेड डिभेन्चर-२०८६ को मूल्य एक दशमलव ९९, सिभिल बैंक डिभेन्चर-२०८८ को मूल्य एक दशमलव १९ र सिद्धार्थ बैंक लिमिटेड डिभेन्चर-२०८३ (१०दशमलव२५प्रतिशत) को मूल्य शून्य दशमलव ५५ प्रतिशतले घटेको हो। कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै रु ११ करोड ७१ लाख ३५ हजार तीन सय ४२ बराबरको दुई लाख ८५ हजार आठ सय २६ कित्ता शेयर किनबेच भएको छ ।




## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | फाइदा कम भए पनि तारिफयोग्य काम थालनी हुनेछ। | तुला | परिस्थितिवश चिताएको काम रोकिन सक्छ। |
| बृष | व्यस्तता बढ्नाले कमजोरी अनुभूति हुनेछ। | वृश्चिक | आत्मविश्वासको कमीले पछि परिनेछ। |
| मिथुन | घुमफिर तथा मनोरञ्जनको समय छ। | धनु | अवसर प्राप्त भए पनि बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। |
| कर्कट | कामको अवसर प्राप्त भए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ। | मकर | परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। |
| सिंह | केही अलमल भए पनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ। | कुम्भ | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। |
| कन्या | आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहार मा सजग रहनुपर्ला। | मीन | पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

टक नेपाल
Talk Nepal National Daily


# ब्युटीपार्लर र होटल सञ्चालिका यौन धन्दामा, आठ जना पक्राउ

■ टक नेपाल



रौतहट । रौतहटमा ब्युटी पार्लर र होटल सञ्चालिका नै यौन धन्दामा लागेको पाइएको छ। प्रहरीले दुई दिनमा जिल्लाको विभिन्न स्थानबाट सञ्चालित ब्युटी पार्लर र होटलबाट यौन धन्दा गरिरहेको आरोपमा आठ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने आठ जनामध्ये ब्युटी पार्लर र होटल सञ्चालिकासमेत छन् । गत शुक्रबार जिल्लाको सदरमुकाम गौर नगरपालिका-१ स्थित एक घरमा सञ्चालित साहिवा ब्युटी पार्लरमा प्रहरीले छापामार्दा ब्युटी पार्लर सञ्चालिकासहित तीन जनालाई पक्राउ गरेको थियो। छापामारीका क्रममा प्रहरीले होटल सञ्चालिका एक महिला यौन धन्धामा संलग्न एक महिला र राजपुर नगर पालिका १ घर भएका एक पुरुषलाई नियन्त्रणमा लिएको थियो। यस्तै गत आइतबार पनि प्रहरीले छापमार्दा गौरको बस पार्कस्थित रोयल इन्दु होटलमा यौन जन्य गतिविधिमा संलग्न रहेको आरोपमा होटलकी सञ्चालिकासहित पाँच जनालाई नियन्त्रणमा लिएको थियो । गोप्य सूचनाका आधारमा प्रहरीले छापा मारेर यौनजन्य गतिविधिमा संलग्न दुई जना पुरुष, दुई महिलासहित हाटेल सञ्चालिकालाई समेत पक्राउ गरेको थियो । दुई दिनको अवधिमा प्रहरीले आठ जनालाई नियन्त्रणमा लिएर मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाएको रौतहटका एसपी वीरबहादुर बुढा मगरले जानकारी दिए ।

# मिस मगर इन्टरनेसनलको आवेदन खुला, जेठ २० मा ग्राण्ड फिनाले




■ टक नेपाल

काठमाडौं । मिस मगर इन्टरनेसनलले प्रतियोगितामा सहभागी हुन चाहनेका लागि आवेदन आह्वान गरेको छ । काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा वेबसाइट र सामाजिक सञ्जालमार्फत 'पेजेन्ट'का लागि आवेदन दिन सकिने जानकारी गराइयो । आगामी वैशाख २३ गते प्रतियोगीको छनोट र जेठ २० गते फिनाले हुनेछ । आयोजक सुनगाभा नेपालले प्रतिस्पर्धामा भाग लिन केही सर्त राखेको छ। जसमा १८ वर्षदेखि २८ वर्ष उमेर समूहका मगर समुदायका युवतीले भाग लिन सक्नेछन् । न्यूनतम ५ फिट १ इन्च उचाइ हुनुपर्नेछ । ३० प्रतिशत भोटिङ र ३५ प्रतिशत निर्णायक र ३५ प्रतिशत ट्यालेन्टका आधारमा उत्कृष्ट प्रतियोगीको छनोट गरिने जनाइएको छ । विजेतालाई चार लाख रुपैयाँ र आधा तोला सुन, फस्ट रनर अपलाई तीन लाख रुपैयाँ र एक तोला चाँदी, सेकेण्ड रनर अपलाई दुई लाख रुपैयाँ र चाँदी, थर्ड रनरअपलाई एक लाख रुपैयाँ र एक तोला सुन, चौथो हुनेलाई ५० हजार रुपैयाँ र एक तोला चाँदी पुरस्कार प्रदान गरिने जनाइएको छ । गायक तथा डान्सर रमेशबाबु थापामगरले हराउँदै गएको मगर भाषा, संस्कृति, वेशभूषा, परम्परालाई चिनाउन पेजेन्ट गर्न लागिएको बताए ।

# १६७ सांसदको हाजिर, बैठकमा ६१ जनामात्रै

■ टक नेपाल



काठमाडौं । बुधबार संघीय संसद भवन नयाँ बानेश्वरमा सभामुख र उपसभामुखसहित १६७ जना प्रतिनिधि सभा सदस्यले हाजिर गरेका छन् । तर, प्रतिनिधिसभा बैठकमा सुरक्षण मुद्रणसम्बन्धी विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने क्रममा जम्मा ६१ जनामात्र भेटिए । गणपूरक संख्या नपुगेका कारण प्रतिनिधि सभाले बुधबार को बैठक अगाडि तय गरेको दुवै कार्यसूची अर्को बैठकका लागि सर्न पुगेको छ। सभामुख देवराज घिमिरेलेको अर्को बैठक आगामी वैशाख ३ गतेका लागि तय गरेका छन् । तय भएको कार्यसूची भन्दा अगाडि प्रतिनिधि सभामा आकस्मिक समय, शून्य समय र विशेष समय चल्यो । जहाँ सांसदहरुले विविध विषयमा आफ्ना धारणा राखे । बुधबार नै प्रतिनिधि सभामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले विगतमा संसदमा उठेका आफ्नो मन्त्रालयसँग सम्बन्धित प्रश्नमाथि धारणा राखे । मन्त्रीसँग सांसदहरुले प्रश्न सोध्ने र जवाफ दिने क्रम पनि चल्यो । तर, गणपूरक संख्या नपुगेका कारण मुख्य कार्यसूचीलाई भने अगाडि बढाउन सकेन । विशेष समय सकिएपछि सभामुख घिमिरे मुख्य कार्यसूचीमा प्रवेश गरे । उनले सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई 'सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिए । मन्त्री शर्माले विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेपछि विधेयकमाथि सामान्य छलफल सुरु भयो । प्रतिनिधिसभा नियमावली २०७९ अनुसार कुनै पनि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भएपछि त्यसउपर सामान्य छलफल हुन्छ । विधेयकमाथिको सामान्य छलफलमा १३ जना प्रतिनिधिसभा सदस्यले भाग लिए । सञ्चार तथा सूचना प्रविधि मन्त्री शर्माले सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिएपछि सभामुख घिमिरेले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न खोज्दै थिए । प्रमुख प्रतिपक्षी नेकपा एमाले संसदीय दलका सचेतक महेश बर्तौलाले गणपूरक संख्या यकिन गर्न माग गरे । नेपालको संविधानको धारा ९४ अनुसार संसदमा कुनै पनि प्रस्ताव प्रस्तुत गर्न नै एक चौथाइ सांसद अनिवार्य उपस्थित हुनुपर्छ । जहाँ भनिएको छ, 'यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक संघीय संसदको कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन ।' प्रतिनिधि सभा २७५ सदस्यीय छ । जसको एक चौथाई ६९ हुन आउँछ । ६९ सांसद उपस्थित नभए कुनै पनि प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन सक्दैन । गणपूरक संख्या यकिन गर्न माग भएपछि सभामुख सोही अनुसार संघीय संसद सचिवालयका कर्मचारीहरुलाई निर्देश गरे । तीन मिनेट जनाउ घण्टी बजाएर सदन बाहिर रहेकाहरुलाई भित्र प्रवेश गर्न लगाएर गन्दा संसदमा जम्मा ६१ सांसद उपस्थित रहेको पत्ता लाग्यो । त्यसपछि सभामुख घिमिरेले विधेयक अगाडि बढाउन गणपूरक संख्या नपुगेको घोषणा गरे र बैठक स्थगित गरे। प्रतिनिसभामा यस्तो दृश्य पहिलो पटक देखा परेको होइन । गत फागुन १२ गते पनि गणपुरक संख्या नपुगेकै कारण 'अनुगमन तथा मुल्यांकन विधेयक २०७८ माथि बिचार गरियोस् भन्ने प्रस्ताव' पारित हुन सकेको थिएन । त्यस दिन पनि गणपूरक संख्याबारे प्रश्न उठेपछि गणना गर्दा संसदमा जम्मा ५० जना मात्रै उपस्थित थिए । संघीय संसद सचिवालयका अनुसार त्यसदिन १६० जनाले हाजिर गरेका थिए । फागुन १२ गते गणपूरक संख्या नपुगेर रोकिएको अनुगमन तथा मुल्यांकन विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव प्रतिनिधिसभाले करिब एक महिनापछि चैत ५ गते पारित गरेको थियो । नेपाली कांग्रेसका सांसद रामहरि खतिवडा सांसदहरुमा हाजिर गरेर टाप कस्ने प्रवृत्ति देखिएको टिप्पणी गरे । गत १५ चैतमा पनि प्रतिनिधिसभाको बैठक चलिरहेको थियो । जहाँ प्रतिपक्षी दलका सांसदहरुले मन्त्री खोजे । सत्ता पक्षका सांसदहरुले प्रमुख प्रतिपक्षी दलका शीर्ष नेताहरुको खोजी गरे । तर, कांग्रेसका सांसद खतिवडाले पुरै सांसदहरुको उपस्थितिको खोजी गरेका थिए । त्यसबेला प्रतिनिधिसभाको बैठकमा सत्तापक्ष र प्रतिपक्षी बेन्चमा अगाडिको बेञ्च पुरै खाली थिए । जहाँ शीर्ष नेताहरुको सिट व्यवस्थापन गरिएको हुन्छ । सांसद खतिवडाले प्रतिनिधि सभाको बैठकमा उपस्थित हुने तर हाजिर गर्दै टाप कस्ने प्रवृत्ति देखिएको भन्दै भनेका थिए, 'संसद 'हाटा' नबनोस् । हाजिर गर्ने टाप कस्ने माध्यम नबनोस् सभामुख महोदय ।' सभामुख घिमिरेले सांसद खतिवडालाई 'ध्यानाकर्षणको लागि माननीयज्यूलाई धन्यवाद' भनेर थुमथुमाएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सुमना श्रेष्ठ लगायतले प्रश्न पनि गरेपछि सभामुखले हाजिर गरेका सांसदहरु संसद भवन परिसरमै रहेको हुन सक्ने बताएका थिए । उनले भनेका थिए, 'संसदमा उपस्थित भई हाजिरी समेत गरिसकेका माननीयज्यूहरु हामीलाई विश्वास छ यही हलको वरिपरी रहनुभएको होला ।'

# मनाङको अपराजित यात्रामा ब्रेक लगाउँदै सातदोबाटो शीर्ष स्थानमा



■ टक नेपाल

काठमाडौं । शहीद स्मारक ए डिभिजन लिगमा बुधबार भएको अन्तिम खेलमा सातदोबाटो युथ क्लबले शीर्ष स्थानको मनाङ मर्स्याङ्दी क्लबलाई १-० ले पराजित गरेको छ । दिपक सिंह ठकुरीको एक मात्र गोलमा मनाङलाई पराजित गरेपछि सातदोबाटो अंकतालिकामा मनाङलाई नै पछि पार्दै शीर्ष स्थानमा उक्लेको छ । जारी लिगमा मनाङको अपराजित यात्रा समेत टुङ्गेको छ । मनाङ हारेपछि अब लिगमा चर्च ब्वाइज युनाइटेड मात्र अपराजित छ । दशरथ रंगशालमा भएको प्रतिस्पर्धात्मक खेलमा दिपकले ४०औं मिनेटमा गोल गरे । लिगमा ५ खेल जितेको सातदोबाटोले ८ खेलबाट १६ अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ । ८ खेलबाट १५ अंक रहेको मनाङ दोस्रो स्थानमा झरेको छ ।



# वीरगन्ज कारागारको काम सुरु गर्ने सांसद यादवको माग



■ टक नेपाल

काठमाडौँ। जनता समाजवादी पार्टी नेपालका सांसद प्रदीप यादवले जीर्ण अवस्थामा रहेको वीरगन्ज कारागारको जीर्णोद्धारको काम तत्काल सुरु गर्न सरकारसँग माग गरेका छन्। बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले शौचालयको अभाव रहेको, कैदीबन्दीहरुले कोचाकोच गरेर बस्नुपर्ने अवस्था रहेको र सुरक्षाकर्मीहरु तैनाथ हुने सुरक्षा पोष्ट समेत जीर्ण अवस्थामा रहेकाले सो कारागारको स्थलगत अवलोकन गरी सरकारले तत्काल जीर्णोद्धार गर्नुपर्ने स्पष्ट पारे। वीरगन्ज कारागार ९० वर्ष पुरानो कारागार हो। यसको जीर्णोद्धार तत्काल नगरे गम्भीर दुर्घटनामा हुने पनितर्फ पनि सांसद यादवले सरकारलाई सचेत गराए।

# एसइई सम्पन्न

■ टक नेपाल

काठमाडौँ। यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) सम्पन्न भएको छ। यहीँ चैत १७ गतेदेखि देशभर एकैसाथ सुरु भएको परीक्षा छिटफुट घट्नाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिनुभयो। देशका ७७ जिल्लाका दुई हजार ३६ परीक्षा केन्द्रसहित जापानमा एक गरी दुई हजार ३७ परीक्षा केन्द्रबाट एकैसाथ परीक्षा सम्पन्न भएको उहाँले बताउनुभयो। "छिटफुट घट्नाबाहेक सबै परीक्षा केन्द्रमा शान्तिपूर्ण रूपमा परीक्षा सम्पन्न भएको छ। घटना भएका केन्द्रका केहीलाई कानुनी दायरमा ल्याएका छौँ", श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार यसवर्ष परीक्षामा चार लाख ८४ हजार दुई सय २७ परीक्षार्थी सहभागी थिए। यसवर्षको एसइई परीक्षामा सहभागी हुनका लागि विसं २०७८ मा कक्षा ९ मा रजिस्ट्रेशन भर्ने पाँच लाख १६ हजार पाँच सय ९१ विद्यार्थीमध्ये कक्षा १० मा आउँदा ३२ हजार तीन सय ६४ विद्यार्थी घटेर चार लाख ८४ हजार दुई सय २७ पुगेका थिए। नेपालबाट रोजगारीकका लागि जापान पुगेका अभिभावकका १४ जना छोर ाछोरीले पनि यसवर्ष जापानबाटै परीक्षा दिएका छन्। जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा पढाइ हुने टोकियोको एक शैक्षिक संस्थाबाट उनीहरुले परीक्षामा सहभागी भएका परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो। परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशबाट एक लाख ६ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णली प्रदेशबाट ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी भएका थिए। प्राविधिक धारतर्फ करिब १५ हजार, संस्कृतमा पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ जना र ५० जना दृष्टिविहीन परीक्षार्थी परीक्षामा सहभागी भएका थिए। कार्यालयले एसइई परीक्षाको नतिजा असार तेस्रो साता सार्वजनिक गर्ने योजना गरिएको छ। "कुनै समस्या नआए असार तेस्रो सातासम्म नतिजा सार्वजनिक गर्ने गरी यो जना बनाएका छौँ", परीक्षा नियन्त्रक श्रेष्ठले भन्नुभयो।

# मालपोत कार्यालय पर्साका दुई तत्कालीन प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

■ टक नेपाल

वीरगञ्ज। मालपोत कार्यालय पर्साका दुई तत्कालीन प्रमुखसहित चार जनाबिरुद्ध मंगलबा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गराएको छ। राजश्व हिनामिना गरेको अभियोगमा अख्तियारले मंगलबार मालपोत कार्यालय पर्साका तत्कालीन प्रमुख प्रकाशप्रसाद पोखरेल, गमबहादुर विश्वकर्मा, नायब सुब्बा मदनप्रसाद गुप्ता र लेखापाल नागेन्द्रप्रसाद चौधरीबिरुद्ध भ्रष्टाचार मुद्दा दायर गराएको हो। ०७२/७३ मा जग्गा किनबेचको क्रममा विभिन्न लिखतबाट उठेको राजस्व र



कम नियमानुसार दाखिला नगरी हिनामिना गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भ्रष्टाचार भएको पुष्टि भएपछि अख्तियारले बिशेष अदालतमा चारैजनाबिरुद्ध भ्रष्टाचार मुद्दा दायर गराएको अख्तियारका प्रबक्ता भोला अधिकारीले जानकारी दिए। मालपोत कार्यालय, पर्साका तत्कालीन प्रमुख पोखरेलले ९३ लाख ६६ हजार २ सय ९ रुपैया राजश्व हिनामिना गरेकाले सोही रकम बराबरको बिगो कायम गरि भ्रष्टाचार मुदा दायर गराइएको अधिकारीले बताए। यस्तै तत्कालीन प्रमुख गम बहादुर विश्वकर्माले एक लाख ४१ हजार आठ सय २५ रुपैया राजश्व हिनामिना गरेकोले उनी बिरुद्ध पनि पनि सोही रकम बराबरको बिगो कायम गरी सजाय हुन मागदाबी लिइएको उनले बताए। मालपोत कार्यालय, पर्साका तत्कालीन नायव सुब्बा गुप्ताले ९५ लाख आठ हजार ३४ रुपैया कार्यालयमा उठेको राजश्व रकम हिनामिना गरेकोले उनी बिरुद्ध सोही रकम बराबरको बिगो तथा कार्यालयका लेखापाल नागेन्द्र प्रसाद चौधरीले पनि ९५ लाख आठ हजार ३४ रुपैया हिनामिना गरेकोले उनी बिरुद्ध समेत सोही रकम बराबरको बिगो कायम गरि सजाय हुन मागदाबी लिइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जानकारी दिएको छ।

# नेपाललाई सुरक्षित राख्नु आजको आवश्यकता : प्रधानमन्त्री दाहाल

■ टक नेपाल

काठमाडौँ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय, अन्तर्राष्ट्रिय सुरक्षा वातावरणमा देखापरेका जटिल चुनौतीहरुबीच नेपाललाई सुरक्षित राख्न सक्ने गतिशीलता आजको आवश्यकता भएको बताउनुभएको छ। भक्तपुरस्थित सैनिक प्रतिष्ठान खरिपाटीमा आज सि.नं ६० अधिकृत क्याडेट तालिम र सि.नं ५० पदिक तथा विल्लादार अधिकृत क्याडेट तालिम पूरा गरेका शिक्षार्थीलाई आयुक्त पद प्रदान कवाज प्रदर्शन कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।



नवआयुक्तहरुलाई निर्देशन दिँदै उहाँले भन्नुभयो, "विद्यमान राष्ट्रिय, अन्तर्राष्ट्रिय सुरक्षा वातारवण एवं त्यसका प्रभावका पूर्वानुमानहरु र त्यसबाट उत्पन्न हुनसक्ने परिस्थितिको सही आङ्कलन गरी जटिल चुनौतीबीच नेपाललाई सुरक्षित राख्न सक्ने गतिशीलता आजका आवश्यकता हो।" नेपाली सेनाले हासिल गरेको राष्ट्र र जनताको विश्वास कार्यसम्पादनमा स्पष्ट झल्कने गरेको उहाँले चर्चा गर्नुभयो। प्रधानमन्त्री दाहालले यस्तो सङ्गठनको आयुक्त भई राष्ट्र सेवा गर्ने अवसर प्राप्त हुनु आफैँमा एक गौरवपूर्ण उपलब्धि भएको भन्दै यस गर्वको क्षणलाई आफ्नो सैनिक सेवाको अन्तिम घडीसम्म कायम राख्दै राष्ट्र र राष्ट्रवासीको सेवामा तल्लीन हुन नवआयुक्त अधिकृतहरुलाई निर्देशनसमेत दिनुभयो।

-बाँकी पृष्ठ २ मा


आर.जे.ट्रेड लिङ्क प्रा.लि.

बर्दिबास नगरपालिका-१, महोत्तरी

**पूर्व बस काउण्टरको पूर्व शिव मन्दिरको दक्षिणपट्टी**

मिति २०७९ चैत १५ गतेदेखि चैत २५ गतेसम्म फ्रि सबै किसिमको अटोहरुको सर्भिस क्याम्प सञ्चालन हुने भएको हुँदा सम्पूर्ण अटो व्यवसायीहरुलाई सुविधा लिई मौकाको फाइदा उठाउन हुन हार्दिक अनुरोध गर्दछौं।

- अटोको ईन्जिन वारेन्टीको साथ बनाईन्छ।
- अटो सर्भिसमा सर्भिस चार्ज फ्रि हुनेछ।
- सबै किसिमको अटोहरुको पार्ट्स पाउनुको साथै वारेन्टीको साथ मर्मत पनि गरिन्छ।
- अटो वासिङ्ग सुपत मुल्यमा गरिन्छ।
- वाइरिङ्ग सम्बन्धी सम्पूर्ण काम गरिन्छ।
- सर्भिस क्याम्पमा सहभागी अटो व्यवसायीहरुलाई चिनो स्वरुप आकर्षक गिफ्टको साथै खाजाको पनि व्यवस्था गरिएको छ।

एक पटक सेवा गर्ने अवसर अवश्य दिनुहोला।

9815802784, 9849089020

कार्यालय शोरुम नम्बर :
+9779822053224





बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com